फोन : ०८३-५२५३२४
इमेल : pmamp.piu.surkhet@gmail.com

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वयन एकाइ, विरेन्द्रनगर, सुर्खेत

### कार्यक्रम संचालनको लागि प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति २०७८/०५/२७ गते)

सूचना नं. - ३

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, सुर्खेतको आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले यस कार्यालयमा सुचीकृत भएका इच्छुक कृषि समूह/सहकारी/समिति/कृषि फर्महरुले आवश्यक कागजात सहित परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची १० बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले ३० दिन (मिति २०७८/०६/२५ गते) भित्रमा यस परियोजना कार्यान्वयन एकाइ, सुर्खेतमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

(क) अदुवा/ वेसार जोनको कार्यक्षेत्रहरु:- विरेन्द्रनगर नगरपालिका वडा नं. १४,१५ र १६, भेरीगंगा नगरपालिका वडा नं. १ देखि १३, लेकवेशी नगरपालिका वडा नं. १ देखि १०, गुर्भाकोट नगरपालिका वडा नं. १ देखि १४, चिङ्गाड गाउँपालिका वडा नं. १ देखि ६, सिम्ता गाउँपालिका वडा नं. १ देखि ९, वराहताल गाउँपालिका वडा नं. १ देखि १०, पञ्चपुरी नगरपालिका वडा नं. १ देखि ११ र चौकुने गाउँपालिका वडा नं १ देखि १० सम्म ।

(ख) तरकारी जोनको कार्यक्षेत्रहरु: पञ्चपुरी नगरपालिका वडा नं. २,३,४,५,६,८ र ९, वराहताल गाउँपालिका वडा नं. ५,६ र ७, र चौकुने गाउँपालिका वडा नं ७,८।

कार्यक्रमहरु:-

| क्र.सं | कार्यक्रम/क्रियाकलाप | एकाइ | परिमाण | स्वीकृत बजेट (रु. लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | बीउ भण्डारण/प्रशोधन घर निर्माण | पटक | ३ | ३० | व्यावसायिक रुपमा खेती गरीरहेका एवं बीउ उत्पादन, संकलन तथा बजारीकरणमा संलग्न संस्थाहरुले आवेदन पेश गर्न सक्ने। परियोजनाबाट बढीमा ८५% सम्म अनुदान उपलब्ध गराइने। |
| २ | नर्सरी श्रोत केन्द्र स्थापना /सुदृढीकरण | पटक | १ | १० | व्यावसायिक रुपमा नर्सरी स्थापन गरी स्थानीय स्रोतकेन्द्रको रुपमा कार्य गर्न इच्छुक संस्थाले आवेदन पेश गर्न सक्ने। परियोजनाबाट बढीमा ८५% सम्म अनुदान उपलब्ध गराइने। |
| ३ | तरकारी नर्सरी स्थापना | संख्या | ३ | ६ | गत आ.व.मा परियोजनाको सहयोगमा नर्सरी स्थापना कार्यक्रम सञ्चालन गर्ने संस्थाहरुले मात्र आवेदन दिन सक्ने। |
| ४ | गत आ.व.को चक्लाबन्दी कार्यक्रमलाई निरन्तरता | संख्या | ६ | १२ | गत आ.व.मा परियोजनाको सहयोगमा चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्ने संस्थाले मात्र आवेदन दिन सक्ने। |
| ५ | गत आ.व.को प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम सञ्चालन निरन्तरता | संख्या | २ | ४ | गत आ.व.मा परियोजनाको सहयोगमा प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम सञ्चालन गर्ने संस्थाले मात्र आवेदन दिन सक्ने। कूल लागतको कम्तिमा २५ % लगानी व्यहोर्न सक्ने आधार सहितको प्रतिबद्धता पत्र पुन पेश गर्नु पर्ने। |
| ६ | कृषि उपजको बजारिकरण सहयोग कार्यक्रम | पटक | १ | २५ | कृषि उपजको संकलन, भण्डारण एवं बजारीकरणमा संलग्न संस्थाहरुले वार्षिक रुपमा बिक्रि वितरण गरेको कारोबारको तथ्याङ्क सहित आवेदन दिनु पर्ने। परियोजनाबाट बढीमा |

फोन : ०८३-५२५३२४
इमेल : pmamp.piu.surkhet@gmail.com

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाई, विरेन्द्रनगर, सुर्खेत

| क.सं | कार्यक्रम/कियाकलाप | एकाइ | परिमाण | अनुमानित बजेट (रु. लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| | **अदुवा/बेसार जोन** | | | | |
| ७ | प्याकेजिङ, लेबलिङ्ग तथा पोष्ट हार्भेष्ट क्षति न्युनिकरण कार्यक्रम | पटक | १ | ६ | प्याकेजिङ, लेबलिङ्ग तथा पोष्ट- हार्भेष्ट क्षति न्युनिकरणका लागि आवश्यक औजार उपकरण, सामग्रीहरु प्रस्ताव गर्न सकिने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| ८ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण सहयोग अदुवा/बेसार उत्पादन कार्यक्रम | पटक | १ | १० | अदुवा/बेसार खेती गरेको विवरण खुलाई आवश्यक पर्ने साना औजार उपकरण, पावरटिलर, मिनिटिलर, खन्ने तथा उकेरा लगाउने मेसीन, झार गोड्ने मेसीन र अन्य आवश्यक उपकरणहरु माग गर्न सकिने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| ९ | अदुवा/बेसार सुकाउने इलेक्ट्रीक ड्रायर | संख्या | १ | ४ | व्यावसायिक रुपमा अदुवा/बेसार उत्पादन वा संकलन गरि प्रशोधन व्यवसाय संचालनमा ल्याउन इच्छुक संस्थाले आवेदन दिन सक्ने। परियोजनाबाट बढीमा ८५% सम्म अनुदान उपलब्ध गराइने। |
| १० | अदुवा Cleaning Floor निर्माण | संख्या | २ | ६ | व्यावसायिक रुपमा अदुवा/बेसार उत्पादन, संकलन तथा बजारीकरण गरिरहेका इच्छुक संस्थाले आवेदन दिन सक्ने। परियोजनाबाट बढीमा ८५% सम्म अनुदान उपलब्ध गराइने। |
| ११ | भण्डारण, प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना | संख्या | १ | १० | अदुवा/बेसार भण्डारण तथा प्राथमिक प्रशोधन गरी प्रशोधन व्यवसाय संचालनमा ल्याउन इच्छुक संस्थाले आवेदन दिन सक्ने। परियोजनाबाट बढीमा ८५% सम्म अनुदान उपलब्ध गराइने। |
| १२ | शुन्य शक्ति भण्डारण निर्माण | संख्या | २ | ४ | व्यावसायिक रुपमा अदुवा/बेसार उत्पादन, संकलन तथा भण्डारण गर्न इच्छुक संस्थाले आवेदन दिन सक्ने। परियोजनाबाट बढीमा ८५% सम्म अनुदान उपलब्ध गराइने। |
| १३ | Agroforestey (फलफूल बगैंचा भित्र) अदुवा/बेसार उत्पादन कार्यक्रम | संख्या | १ | ५ | परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| १४ | जोन क्षेत्र भित्रको मध्यवर्ती क्षेत्र भित्र अदुवा/बेसार उत्पादन कार्यक्रम | संख्या | १ | ५ | परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| | **तरकारी जोन** | | | | |
| १५ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण सहयोग | पटक | १ | २६ | तरकारीखेतीमा आवश्यक पर्ने साना औजार उपकरण, पावरटिलर, मिनिटिलर, खन्ने तथा उकेरा लगाउने मेसीन, झार गोड्ने मेसीन र अन्य आवश्यक उपकरणहरु माग गर्न सकिने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| १६ | व्यवसायिक तरकारी उत्पादन कार्यक्रम (२हेक्टर भन्दा माथी) | संख्या | ४ | ४ | व्यावसाहिक रुपमा २ हेक्टर भन्दा माथी तरकारी उत्पादन गर्न ईच्छुक संस्थाले आवेदन दिन सक्ने। परियोजनाबाट |

फोन : ०८३-५२५३२४
इमेल : pmamp.piu.surkhet@gmail.com

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वयन एकाइ, विरेन्द्रनगर, सुर्खेत

| क.सं | कार्यक्रम/कियाकलाप | एकाइ | परिमाण | अनुमानित बजेट (रु. लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| १७ | प्याकेजिङ्ग, लेवलिङ्ग तथा पोष्ट हार्भेष्ट क्षति न्युनिकरण कार्यक्रम (तरकारी जोन) | पटक | १ | ८ | प्याकेजिङ्ग, लेवलिङ्ग तथा पोष्ट- हार्भेष्ट क्षति न्युनिकरणका लागि आवश्यक औजार उपकरण, सामग्रीहरु प्रस्ताव गर्न सकिने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| १८ | स्थायी प्लाष्टिक टनेल निर्माण | संख्या | २५ | ३० | स्थायी प्लाष्टिक टनेल निर्माण गरी खेती गर्न इच्छुक संस्था/कृषि उद्यमीले आवेदन गर्न सक्ने। क्लष्टरमा टनेल निर्माण गर्ने सोचका आवेदनलाइ प्राथमिकता दिइने छ। परियोजनाबाट बढीमा ८५% सम्म अनुदान उपलब्ध गराइने। |
| १९ | तरकारी खेतीका लागि साना औजार उपकरण तथा मेसिनरी वितरण | संख्या | १ | २.५ | तरकारी खेतीमा आवश्यक पर्ने साना औजार उपकरण माग गर्न सकिने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |

**आवेदन साथ अनिवार्य पेश गर्नुपर्ने कागजातहरु**

(१) सम्बन्धित निकायमा कृषि समूह/सहकारी/समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
(२) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा।
(३) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
(४) आवेदक कृषि समूह/सहकारी/समिति/कृषि फर्महरुको स्थायी लेखा नम्वर र कर चुक्ता पत्र प्रमाणपत्र।
(५) प्रस्ताव गरिएका कार्यक्रमहरुको व्यावसायिक योजना।
(६) कृषक समुह/सहकारी संस्थाको हकमा प्रस्ताव पेश गर्ने सम्बन्धी आधिकारीक निर्णयको प्रतिलिपि।
(७) स्थानीय तहबाट लागत सहभागिता गरिने भएमा सम्बन्धित स्थानीय तहको जानकारी पत्र।

परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची १० बमोजिमको ढाँचाको आवेदन फारम प्राप्त गर्न तथा थप जानकारी आवश्यक भएमा निम्न ठेगानामा सम्पर्क गर्नु होला ।

**सम्पर्क ठेगाना**
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, विरेन्द्रनगर, सुर्खेत
तरकारी जोन प्राविधिक एकाइ, पञ्चपुरी, सुर्खेत ।
फोन नं. ०८३-५२५३२४/५२५६१५
मोबाईल नः ९८५८०४२५२२ (मिना थापा, कृषि प्राविधिक)
९८५८०४१५२२ (विर बहादुर राना, कृषि प्राविधिक)

२०७८।८।२६
नि. वरिष्ठ कृषि अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
वीरेन्द्रनगर, सुर्खेत